# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ भक्तपुर, श्रावण १ गते, २०८१ साल संख्या २


## भाग १

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको सोऱ्हौं नगर सभा २०८१ बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**सम्वत् २०८१ सालको ऐन**

## भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०८१

**भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१**

**नगर सभाबाट स्वीकृत मिति : २०८१ असार**

**प्रस्तावना :** भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम भक्तपुर नगरपालिकाको सोहौं नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भक्तपुर नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०८१।८२ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१।८२ को निम्ति नगरकार्यपालिका, वडा कार्यालय, विषयगत शाखा र नगरपालिकाद्वारा सञ्चालित आयोजनाहरुले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २,६६,४३,१०,०००।- (अक्षेरुपी दुई अर्ब छैसाठ्ठी करोड त्रियालिस लाख दस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।८२ को निम्ति भक्तपुर नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय, विषयगत समिति/शाखा र नगरपालिकाद्वारा सञ्चालित आयोजनाहरुले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखा र नगरपालिकाद्वारा सञ्चालित आयोजनाहरुले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत् साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## अनुसूची-१
(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम भक्तपुर नगरपालिकाको
स्थानीय संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १,५६०,३१०,०००। | ९२४,०००,०००। | | २,४८४,३१०,०००। |
| २ | | वडा कार्यालय | १०,०००,०००। | ७०,०००,०००। | | ८०,०००,०००। |
| ३ | | □ण लगानी | | | १००,०००,०००। | १००,०००,०००। |
| | | | १,५७०,३१०,०००। | ९९४,०००,०००। | १००,०००,०००। | २,६६४,३१०,०००। |

**आज्ञाले**
**(बसन्त भट्टराई)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८०।३।२५ गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**